चिङ्गाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अवलचिङ्ग सुर्खेतको मिति २०८३ साल भाद्र ५ गते शुक्रवार सम्पन्न भएको कार्यपालिका बैठकका निर्णयहरू

| क्र.सं. | प्रस्ताव पेस गर्ने कार्यालय/ शाखा | निर्णयको संक्षिप्त बेहोरा |
|---|---|---|
| १. | पूर्वाधार विकास शाखा | चिङ्गाड गाउँपालिकाबाट कार्यान्वयन रही अन्तर्गतका विद्यालयहरूमा निर्माणाधिन अवस्थामा रहेको ठेक्का नं. CRM/NCB/WORKS/09/2082/083 (Construction of Compound wall in schools, Chingad, Surkhet) आयोजनाको समयावधि मिति २०८३।०३।१५ सम्म रहेकोमा मिति २०८३।०६।३० सम्म निर्माण सम्पन्न हुने गरी म्याद थप गर्ने निर्णय गरियो। |
| २. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८३ स्वीकृत गर्ने निर्णय गरियो । |
| ३ | विपद व्यवस्थापन शाखा | चिङ्गाड गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधी, २०८३ स्वीकृत गर्ने निर्णय गरियो । |
| ४. | कृषि विकास शाखा | चिङ्गाड गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास विधेयक, २०८३ गाउँ सभामा पेश गर्नको लागि स्वीकृत गर्ने निर्णय गरियो । |
| ५. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि वार्षिक कार्ययोजना र वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो। |
| ६. | शिक्षा युवा तथा खेलकुद शाखा | चिङ्गाड गाउँपालिकाको विद्यालय समायोजन तथा मर्ज सम्बन्धी कार्यदलको प्रतिवेदन स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो। |
| ७. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा करार अवधि मिति २०८३ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो। |
| ८. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरूको तलब भत्ता निर्धारण गर्ने निर्णय गरियो। |
| ९. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीको सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी कार्यविधी, २०८३ तर्जुमाको सैद्धान्तिक सहमति प्रदान गर्ने र उक्त मस्यौदा तयारीको लागि प्रमुख प्रशासकीय अधिकृत श्री सुरेन्द्र सिंहज्यूको संयोजकत्वमा ३ सदस्यीय कार्यदल गठन गर्ने र सो कार्यदलले बीस दिनभित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| १०. | पूर्वाधार विकास शाखा | चिङ्गाड गाउँपालिकाको निर्माणाधिन १५ शैयाको अस्पताल भवन निर्माणको लागि आवश्यक बजेट र उपकरण सामाग्रीहरू माग गर्ने निर्णय गरियो। |
| ११ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको कार्यालयमा कार्यरत ई.राज कुमार भट्ट लाई वरिष्ठ इन्जिनियर, (आठौं) , श्री कृष्ण बहादुर थापा लाई वरिष्ठ शाखा अधिकृत (आठौं) र श्री तुलसी के.सी. लाई प्रमुख शिक्षा अधिकृत (आठौं) तहमा स्तरवृद्धि गर्ने निर्णय गरियो। |
| १२ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र अवलचिङ्ग सुर्खेतमा ज्यालादारीमा कार्यरत एम्बुलेन्स चालकलाई सेवा करारमा नियुक्त गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। |
| १३ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकासँग सम्बन्धित मुद्दाहरूमा गाउँपालिकाको तर्फबाट आवश्यक लिखित जवाफ तयार गर्ने, सम्बन्धित कागजात तथा प्रमाण पेश गर्ने, अदालतमा उपस्थित भई बहस पैरवी गर्ने तथा आवश्यक अन्य कानूनी कार्य गर्ने प्रयोजनका लागि कानून व्यवसायी अधिवक्ता प्रमाणपत्र नं. १६०६१ अधिवक्ता श्री गणेश ओली, सुर्खेतलाई कानूनी सल्लाहकार/ |

चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अवलचिङ्ग, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

प्रवक्ता

| क्र.सं. | प्रस्ताव पेस गर्ने कार्यालय/ शाखा | निर्णयको संक्षिप्त बेहोरा |
|---|---|---|
| | | कानून व्यवसायीको रूपमा तोक्ने निर्णय गरियो। |
| १४ | शिक्षा युवा तथा खेलकुद शाखा | चिङ्गाड गाउँपालिकाको शिक्षा सम्बन्धी विद्येयक, २०८३ मस्यौदा तर्जुमाको सैद्धान्तिक सहमति प्रदान गर्ने र उक्त मस्यौदा तयारीको लागि **वडा नं ४ का वडाध्यक्ष श्री टेक बहादुर रानाज्यूको संयोजकत्वमा ९ सदस्यीय** समिति गठन गर्ने र सो समितिले बीस दिनभित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| १५ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसाय विद्येयक, २०८३ तर्जुमाको सैद्धान्तिक सहमति प्रदान गर्ने र उक्त मस्यौदा तर्जुमाको लागि **वडा नं ६ का वडाध्यक्ष श्री भिम बहादुर बुढाज्यूको संयोजकत्वमा ५ सदस्यीय** समिति गठन गर्ने र सो समितिले पन्ध्र दिनभित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| १६ | स्वास्थ्य तथा सरसफाइ शाखा | चिङ्गाड गाउँपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाइ विद्येयक, २०८३ तर्जुमाको सैद्धान्तिक सहमति प्रदान गर्ने र उक्त मस्यौदा तर्जुमाको लागि **वडा नं ३ का वडाध्यक्ष श्री वीर बहादुर जि.सी.ज्यूको संयोजकत्वमा ५ सदस्यीय** समिति गठन गर्ने र सो समितिले बीस दिनभित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| १७ | महिला तथा बालबालिका इकाइ | चिङ्गाड गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधी, २०७५ संशोधन गर्नको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने र उक्त मस्यौदा तर्जुमाको लागि **गाउँपालिका उपाध्यक्ष सदस्य श्री मिना कुमारी रोकायाज्यूको संयोजकत्वमा ३ सदस्यीय** कार्यदल गठन गर्ने र सो कार्यदलले पन्ध्र दिनभित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| १८ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को दररेट निर्धारण/स्वीकृत गरी आवश्यक कामकाज गर्ने निर्णय गरियो। |
| १९ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको करारमा जनशक्ति व्यवस्थापन कार्यविधी, २०७५ संशोधन गर्नको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने र उक्त मस्यौदा तर्जुमाको लागि **गाउँपालिकाका प्रमुख प्रशासकीय अधकृत श्री सुरेन्द्र सिंहज्यूको संयोजकत्वमा ३ सदस्यीय** कार्यदल गठन गर्ने र सो कार्यदलले बीस दिनभित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| २० | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन विद्येयक, २०८३ तर्जुमा गर्नको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने र उक्त मस्यौदा तर्जुमाको लागि **वडा नं. २ का वडाध्यक्ष श्री प्रेम बहादुर खड्काज्यूको संयोजकत्वमा ५ सदस्यीय** समिति गठन गर्ने र सो समितिले बीस दिनभित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| २१ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिका क्षेत्रमा रहेका सरकारी/सार्वजनिक जग्गाको विवरण जिल्ला प्रशासन कार्यालय सुर्खेतमा पठाउने निर्णय गरियो। |
| २२ | शिक्षा युवा खेलकुद शाखा | चिङ्गाड गाउँपालिकाको प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यवधी, २०८३ तर्जुमा गर्नको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने र उक्त मस्यौदा तर्जुमाको लागि **कार्यपालिका सदस्य श्री लक्ष्मी हमाल खड्काज्यूको संयोजकत्वमा ३ सदस्यीय** कार्यदल गठन गर्ने र सो कार्यदलले पन्ध्र दिनभित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| २३ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकामा प्राङ्गारिक मल उत्पादन गरी कृषकलाई सहज रुपमा उपलब्ध गराउन, कृषि उत्पादकत्व वृद्धि गर्न र स्थानीय रोजगारि तथा आय |

चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रवक्ता

CamScanner

| क्र.सं. | प्रस्ताव पेस गर्ने कार्यालय/ शाखा | निर्णयको संक्षिप्त बेहोरा |
|---|---|---|
| | | आर्जनकका अवसर सिर्जना गर्न प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना तथा सञ्चालन गर्ने निर्णय गरियो। |
| २४ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड खोलाको विभिन्न क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो एवं वातावरणमैत्री संकलन र उत्खननको लागि तयार पारिएको प्रारम्भिक वातावरणिय परीक्षणको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको लागि पेश गरिएको कार्यसूचि स्वीकृत गर्ने निर्णय गरियो। |
| २५ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकामा भूमि प्रशासन कार्यालय सञ्चालनको लागि अध्ययन गर्न **कार्यपालिका सदस्य श्री पर्शे कामीज्यूको संयोजकत्वमा ४ सदस्यीय** कार्यदल गठन गर्ने र सो कार्यदलले प्रतिवेदन तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| २६ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको प्रशासनिक केन्द्र लगायत सोसँग सम्बन्धित अन्य मुद्धाको विषयमा पत्राचार गर्ने र अन्य आवश्यक प्रक्रिया अगाडी बढाउने जिम्मेवारी चिङ्गाड गाउँपालिका अध्यक्ष श्री बोध विक्रम जि.सी. लाई प्रत्यायोजन गर्ने निर्णय गरियो। |
| २७ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको विशेष सभा (बाइसौं) मिति २०८३।०६।०६ गते मंगलबार दिन बिहान ११:३० बजे सञ्चालन गर्ने निर्णय गरियो। |
| २८ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको विनियोजन ऐन, २०८३ को दफा ४ को उपदफा (२) बमोजिम बजेट तथा कार्यक्रमबाट रकमान्तर गर्ने निर्णय गरियो। |
| २९ | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिका वडा नं. ३ मा रेहेको सामुदायिक कृषि प्रसार केन्द्रको अध्ययन/व्यवस्थापन प्रतिवेदन तयार गर्नको लागि गाउँ सभा सदस्य श्री डम्मर बहादुर चन्दज्यूको संयोजकत्वमा कार्यदल गठन गर्ने र कार्यदललाई प्रतिवेदन पेशको लागि पन्ध्र दिनको समय सिमा तोक्ने निर्णय गरियो। |

लाल बहादुर जि.सी
प्रवक्ता

चिङ्गाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३